संयुक्त राष्ट्रसंघीय
मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल

# प्रेस वक्तव्य

**२६ अक्टोवर २००५**

---

श्री ५ को सरकारद्वारा ९ अक्टोवर २००५ (२३ असोज २०६२) मा घोषणा गरिएको सञ्चार अध्यादेशले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको उल्लङ्घन गरेको तथा अक्टोवर २१ मा एउटा एफएम स्टेसनबाट कुनै न्यायिक आदेशविना प्रसारण उपकरण कब्जामा लिइएको घटनाले कानुनी शासनप्रतिको सम्मानको अभाव देखिएकोमा सोप्रति नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले चिन्ता व्यक्त गरेको छ ।

नेपालद्वारा अनुमोदित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले "सबैलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ र यसमा कलाको रूपमा वा आफ्नो छनोटको अन्य कुनै माध्यममार्फत मौखिक, लिखित वा छापामार्फत जहाँसुकै भए पनि सबै किसिमका विचार तथा सूचना खोज्ने, प्राप्त गर्ने र बाँडने स्वतन्त्रताको अधिकार पर्दछ" (ICCPR Article 19(b)) भन्ने व्यवस्था गरेको छ । अनुबन्धमा यस्ता अधिकारमा "केही नियन्त्रण हुन सक्छ तर यस्तो बन्देज कानुनमा व्यवस्था भएबमोजिम वा आवश्यक भएमात्र गर्न सकिन्छ भन्ने व्यवस्था छ : (क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि ; (ख) राष्ट्रिय सुरक्षाको संरक्षण वा सार्वजनिक व्यवस्था, वा सार्वजनिक स्वास्थ्य, वा नैतिकताको लागि" (ICCPR Article 19(c)) । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको व्याख्या र कार्यान्वयन अनुगमन गर्ने जिम्मा लिएको मानवअधिकार समितिले अभिव्यक्ति स्वतन्त्रताको उपयोगमाथि लगाइएको प्रतिबन्ध आवश्यक तथा समानुपातिक हुनुपर्ने र अधिकार नै जोखिममा पार्ने खालको हुनुहुँदैन् भन्नेमा जोड दिएको छ । बन्देजको औचित्य साबित गर्ने खतराको सही प्रकृति राज्यले ठम्याउनु पर्छ र कठोर दण्डसजाय भएको आम नियन्त्रणले अनुबन्धको उल्लङ्घन गरी अभिव्यक्तिको स्वतन्त्रतामाथि जथाभावी नियन्त्रण गर्न सक्नेमा समितिले जोड दिएको छ ।

नेपालस्थित आयोगले नयाँ सञ्चार अध्यादेशमा भएका व्यवस्थाहरूको अध्ययन गरिरहेको छ, जसले अभिव्यक्तिको स्वतन्त्रतामाथि भइरहेका बन्देज वा नियन्त्रणलाई अझ फराकिलो पारेर लान सक्छन् । आयोगले यी बन्देजहरूलाई अति व्यापक, अस्पष्ट शब्दावली भएको तथा विशिष्ट खतरामा निकै कम केन्द्रित भएको पाएको छ । समाचार प्रसारणमा लगाइएको आम बन्देज, जुन हालै एफएम रेडियोविरूद्ध लागु गरिएको छ, राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थालाई के कस्तो खतरा पुऱ्याउँछ भन्ने उल्लेख नगरिकन लागु गरिएको छ । कुनै पनि स्पष्टिकरण नदिइकन चुनावका लागि आफ्ना कार्यक्रमहरूबारे जानकारी उपलब्ध गराउने राजनीतिक दलहरूको अधिकारलाई कमजोर बनाइएको छ । पत्रकारहरूको इजाजतपत्र खारेज गर्न प्रशासकीय अधिकारको स्थापना गरिएको छ । अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षकद्वारा व्यक्त विचारविपरित आपराधिक दण्ड सजायलगायत गाली बेइज्जतीका व्यवस्थाहरू प्रसारण माध्यमलाई समेट्ने गरी विस्तार गरिएको छन् । सञ्चारसम्बन्धी गालीबेइज्जती मुद्दाहरू देवानी कानुनअन्तर्गत समाधान गरिनुपर्छ भनेर समाधीक्षकले बताउनु भएको छ । सरकारको सञ्चार अध्यादेशद्वारा लागु गरिएका यी र अन्य बन्देजहरू न आवश्यक देखिन्छन् न त राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको खतरासँग समानुपातिक नै छन् ।

कानुनी प्रक्रियालाई बेवास्ता गरी अभिव्यक्तिको स्वतन्त्रताजस्ता मौलिक स्वतन्त्रतामाथि बन्देज लगाइनु हुँदैन् । अदालतको पूर्व आदेशविना र ठूलो सङ्ख्यामा शसस्त्र प्रहरी खटाइ कान्तिपुर एफएम रेडियो स्टेसनबाट २१ अक्टोवर २००५ (कार्तिक ४, २०६२) मा प्रसारण उपकरण जबर्जस्ती कब्जामा लिने कार्यले कानुनी शासन र अभिव्यक्ति स्वतन्त्रताप्रतिको सम्मानबारे गम्भीर मुद्दा उठाएको छ । नयाँ कानुनी प्रावधानमा रहेको अस्पष्टता - जसमध्ये केहीले नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वलाई स्पष्ट उल्लङ्घन गरेका छन - लाई मध्यनजर गर्दै नेपालस्थित आयोग अदालतको पूर्व अनुमति लिएर मात्र थप कारबाही अगाडि बढाउन अनुरोध गर्दछ ।